राष्ट्रियता !! लोकतन्त्र !! समाजवाद !!

बदलियो कांग्रेस,
बदल्छौं देश !



निरन्तर समुन्नतिको यात्रा:

# प्रतिज्ञा–पत्र

## अर्जुन प्रसाद जोशी

*प्रतिनिधिसभा सदस्य उम्मेदवार–2082, पर्वत*

फाल्गुण
२१

रुख चिन्हमा मतदान गरौ !

**आदरणीय पर्वतबासीहरू,**

मुलुक यतिखेर प्रतिनिधिसभा निर्वाचनको संघारमा छ। यो निर्वाचन केवल एउटा प्रतिनिधि छान्ने प्रक्रिया मात्र होइन, पर्वतको समृद्धिको जग बसाल्ने र लोकतन्त्रलाई थप सुदृढ बनाउने महाअभियान पनि हो।

मेरो राजनीतिक दृष्टि लोकतान्त्रिक शासन प्रणालीको सुदृढीकरण, नागरिक सर्वोच्चता र समुन्नत राष्ट्र निर्माणमा केन्द्रित रहँदै आएको छ। म पदमा रहँदा वा नरहँदा, पर्वतको शिक्षा, स्वास्थ्य, सञ्चार र सडक पूर्वाधार विस्तारमा मैले खेल्दै आएको महत्त्वपूर्ण भूमिका यहाँहरू सबैमा अवगत नै छ।

नवयुवाहरूको **('जेन-जी')** विद्रोहले उठाएका भ्रष्टाचार निवारण, सुशासन र पारदर्शिताका मुख्य मुद्दाहरू तथा युवा पुस्ताको भावनाप्रति नेपाली कांग्रेस पूर्ण रूपमा प्रतिबद्ध छ। समयको पदचाप र नयाँ पुस्ताको आकांक्षालाई आत्मसात् गर्दै, नवीन सोच र संकल्पका साथ नेपाली कांग्रेसले आफूलाई समयसापेक्ष परिवर्तन गरी नयाँ उत्साहका साथ चुनावी मैदानमा होमिएको छ।

**नारा होइन, परिणाममा विश्वास:**

मुलुकमा कहिले वर्गवाद, कहिले जातिवाद त कहिले क्षेत्रीयतावादको बहस भयो। पछिल्लो समय लोकप्रियतावादको लहर पनि देखियो। तर, नारा र वादले मात्र समाज बदलिँदैन। देश बदल्न त समाजप्रतिको अगाध प्रेम, निस्वार्थ समर्पण र ठोस योगदान चाहिन्छ। काँग्रेस सत्तामा हुँदा होस् वा नहुँदा, हामी सधैँ जनताको सेवामा समर्पित रह्यौँ/छौँ/रहन्छौँ हामी नारामा होइन, काममा र प्रतिबद्धतामा होइन, परिणाममा विश्वास गर्छौँ।

**पर्वतको रूपान्तरण र मेरो अठोट:**

हिजोको **'टुकी युग'**बाट आजको **'उज्यालो युग'** सम्म पर्वत आइपुग्दा यहाँको शिक्षा, स्वास्थ्य, सञ्चार र सडक सञ्जालमा आएको अभूतपूर्व परिवर्तन तपाईंहरूले प्रत्यक्ष अनुभव गर्नुभएकै छ। विकासको यो यात्रालाई अझै उचाइमा पुऱ्याउन र अधुरा कामहरूलाई सार्थक निष्कर्षमा पुऱ्याउन बाँकी छ। पर्वतको मुहार फेर्ने **'नवीन सोच र दृढ अठोट'** बोकेर म, **अर्जुनप्रसाद जोशी**, मेरो तीन दशक लामो राजनीतिक यात्रामा अन्तिम पटक तपाईंहरूसँग मत माग्न उभिएको छु। मलाई विश्वास छ, तपाईंहरूले मलाई आफ्नो अमूल्य मत दिएर सेवा गर्ने अवसर दिनुहुनेछ। तपाईंको प्रत्येक मत म पर्वतको विकास र सुशासनका लागि इमानदारीपूर्वक प्रयोग गर्ने वाचा गर्दछु।

## पर्वतका निम्ति मैले देखेका समुन्नतीका सूचकहरुः

### १) उत्पादनमा आधारित बलियो अर्थतन्त्र

पर्वतको समृद्धिका प्रमुख आधारहरु (४ 'ज')

पर्वत जिल्लाको आर्थिक अबस्था लाइ उकास्नको लागी मैले **जल, जमिन, जङ्गल र जनशक्ति**लाई (**'४–ज'** ) एकीकृत रुपमा परिचालन गर्ने **'उत्पादनमा आधारित अर्थतन्त्र'** को मार्गचित्र तय गरेको छुः

**१.१) जल** (Water)**: ऊर्जा र लगानीको मुहान**

- **कालीगण्डकी बहुउद्देश्यीय आयोजना:** मोदी र कालीगण्डकीको अथाह जलस्रोतलाई पर्वतको भाग्यसँग जोडिनेछ। **'कालीगण्डकी बहुउद्देश्यीय जलाशययुक्त आयोजना'** लाई राष्ट्रिय गौरवको योजनाका रुपमा अघि बढाउन र कार्यान्वयन गर्न मेरो विशेष पहल रहनेछ ।

- **जनताको जलविद्युत्:** जलविद्युत् आयोजनाहरूमा स्थानीय बासिन्दा, वैदेशिक रोजगारीमा रहेका पर्वतवासी र उद्यमीहरूको **'सुरक्षित लगानी र सुनिश्चित लाभांश'** को ग्यारेन्टी गर्दै उनीहरूलाई व्यावसायिक साझेदार बनाउन पहल गर्नेछु।साथै कुनै पनि स्थानमा जलविद्युत् आयोजना निर्माण हुँदा स्थानीय जनताको लगानीलाई प्राथमिकतामा राख्न आवश्यक नीति-नियम बनाउन म प्रभावकारी भूमिका खेल्नेछु।

**१.२) जङ्गल र जडीबुटी** (Forestry)**: हरित समृद्धिको आधार**

- **औषधि उत्पादन र प्रशोधन:** जिल्लाको विशाल वन क्षेत्रमा रहेका बहुमूल्य जडीबुटीलाई कच्चा पदार्थको रुपमा मात्र नबेची पर्वतभित्रै वैज्ञानिक प्रशोधन केन्द्र र औषधि उद्योग स्थापना गर्न भूमिका खेल्नेछु।

- **सामुदायिक वनबाट स्वरोजगार:** गैर-काष्ठ वन पैदावार (जस्तैः अल्लो, लोक्ता, निगालो) मा आधारित लघु-उद्यममार्फत स्थानीय जनसमुदायको प्रत्यक्ष सहभागितामा व्यापक रोजगारी र आयआर्जनका कार्यक्रम सञ्चालन गर्न भूमिका खेल्नेछु ।

**१.३) जमिन** (Land & Mines)**: कृषि क्रान्ति र खानी उत्खनन**

- **एकीकृत र व्यावसायिक कृषि:** अन्न, फलफूल र तरकारी खेतीलाई निर्वाहमुखीबाट व्यावसायिक बनाउन चक्लाबन्दी खेती र आधुनिक सिँचाइमा जोड दिनेछु ।

- **खानीजन्य उद्योगको विकास:** पर्वतमा रहेका फलाम, ढुङ्गा र अन्य खानीहरूको वातावरणीय प्रभाव मूल्याङ्कन गरी वैज्ञानिक उत्खनन र प्रशोधन उद्योग सञ्चालन गर्ने वातावरण मिलाउने छु।

**१.४) जनशक्ति (Human Capital): दक्ष र उद्यमी युवा**

- **प्रविधि र सीपको संयोजन:** हाम्रा युवा शक्तिलाई आधुनिक प्रविधि, सफ्टवेयर विकास र प्राविधिक सीपसँग जोडी स्वदेशमै उद्यमशील बनाउने नीति अघि सार्नेछु ।

- **पलायन रोक्ने 'स्टार्ट-अप' कार्यक्रम:** नयाँ सोच भएका युवाहरूका लागि सहुलियतपूर्ण ऋण, अनुदान र बजार व्यवस्थापनको ग्यारेन्टी गरी **'गाउँमै कमाउने, गाउँमै रमाउने'** वातावरण सिर्जना गर्न मैले संसदमा विशेष भूमिका खेल्नेछु ।

## २) इतिहास र सभ्यतामा आधारित अर्थतन्त्र (Heritage Economy)

पर्वत केवल एउटा भूगोल मात्र होइन, यो प्राचीन सभ्यता र संस्कृतिको जीवित सङ्ग्रहालय पनि हो। हाम्रो ऐतिहासिक र सांस्कृतिक गौरवलाई **'पर्यटकीय उत्पादन'** का रूपमा विकास गरी जिल्लाको आयआर्जन बढाउन मेरो संकल्प यस प्रकार छ:

**२.१) कालीगण्डकी (गण्डक) सभ्यता: पहिचान र पर्यटनको मुहान**

- **विश्व सम्पदा मार्ग:** पवित्र मुक्तिनाथको काखबाट बहने कालीगण्डकी नदीको बाँसखर्कदेखि शालिग्राम क्षेत्रसम्मको तटीय क्षेत्रलाई **'गण्डक सभ्यता पदमार्ग'** का रूपमा विकास गरिनेछ।

- **पर्वतको विश्वव्यापी प्रवद्र्धन:** पर्वतका धार्मिक र सांस्कृतिक सम्पदाहरूलाई **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा** 'ब्रान्डिङ' गरिनेछ। कालीगण्डकी र शालिग्रामको ऐतिहासिक महत्त्वलाई सञ्चार माध्यम र वृत्तचित्रमार्फत विश्वभर पुऱ्याउँदै, पर्वतलाई एक अनिवार्य पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने मेरो मुख्य लक्ष्य रहनेछ।

**२.२) ऐतिहासिक र धार्मिक सम्पदा: गुरुयोजनासहितको संरक्षण**

- **एकीकृत गुरुयोजना:** पर्वतको गौरव माझफाँटस्थित कोट दरबार, प्राकृतिक सौन्दर्यको खानी हम्पाल कालाञ्जर क्षेत्र, डहरे देउराली, महाशिला, पञ्चासे, पालुस्थान,  पैयुँकोट, भुमेकोट र दुर्लुङकोट जस्ता ऐतिहासिक स्थलहरूको संरक्षण र पहुँच मार्गका लागि एकीकृत गुरुयोजना निर्माणका लागि पहल गर्नेछु ।

- **गुफा र तीर्थस्थलको संवर्द्धन:** पार्वती धाम (पार्वती गुफा), गुप्तेश्वर, अलपेश्वर, शीतल गुफा, मोदीवेणी धाम र विश्वकै ठूलो शालिग्राम शिलालाई प्रमुख धार्मिक गन्तव्यका रूपमा विकास गरी **'धार्मिक पर्यटन सर्किट'** निर्माण गर्न भूमिका खेल्नेछु ।

**२.३) संस्कृति र जीवनशैली: सांस्कृतिक गन्तव्य**

- **सांस्कृतिक निर्यात:** गुरुङ, मगर लगायतका विभिन्न समुदायका मौलिक लोक भाका, सोरठी, घाँटु, कौराह र सांस्कृतिक कलालाई आधुनिक प्रविधिको प्रयोग गरी विश्व बजारमा चिनाउने कार्यक्रम अघि सार्नेछु ।

- **सांस्कृतिक ग्राम (Cultural Village):** पर्वतका मौलिक भेषभूषा, रहनसहन र खानपानलाई प्रवद्र्धन गर्न विशेष 'सांस्कृतिक पर्यटकीय गन्तव्य' र होमस्टेहरूको स्तरीकरण गरिनेछ, जसले स्थानीय स्तरमा रोजगारी र विदेशी मुद्रा आर्जनमा सहयोग पुर्याउनेछ।

- **कला र संस्कृतिको जगेर्ना:** पर्वतको मौलिक पहिचान र कला-संस्कृति जोगाउन प्रत्येक पालिकामा **सांस्कृतिक संग्रहालय र नाट्यशाला** निर्माण गरिनेछ। स्थानीय कलाकार र सर्जकहरूको प्रोत्साहनका लागि आवश्यक पूर्वाधार विकासमा मेरो जोड रहनेछ।

## ३) पर्यटनमा आधारित अर्थतन्त्र (Tourism-Led Economy)

पर्वतको भूगोल आफैँमा एक अनुपम उपहार हो। यहाँको प्रकृति र साहसिक पूर्वाधारलाई उपयोग गर्दै पर्वतलाई **'नेपालको वैकल्पिक पर्यटकीय राजधानी'** बनाउन मेरो प्राथमिकता यस प्रकार रहनेछ:

### ३.१) धार्मिक तथा आध्यात्मिक पर्यटन: आस्थादेखि आयआर्जनसम्म

- **आध्यात्मिक सर्किट:** मुक्तिनाथको प्रवेशद्वारका रूपमा रहेको पर्वत जिल्लालाई आध्यात्मिक पर्यटनको केन्द्र (Hub) बनाइनेछ। यहाँका मठ-मन्दिर, गुम्बा तथा गुफाहरूको दर्शनका लागि आउने पर्यटकलाई लक्षित गरी कम्तीमा एक रात पर्वतमा बास बस्ने गरी पूर्वाधार र सेवा-सुविधामा विस्तार गर्ने कार्यक्रम ल्याउन लाग्नेछु।

- **पर्यटक आकर्षण:** पर्वतका मठ-मन्दिर र प्राकृतिक सम्पदाहरूलाई विश्व पर्यटन बजारसँग जोड्न छिमेकी देशका पर्यटन सञ्जालहरूसँग सहकार्य गरिनेछ। **विदेशी पर्यटकहरूको** आगमन बढाउन र उनीहरूको बसाई सहज बनाउन आवश्यक पूर्वाधार र समन्वयकारी भूमिकामा म पूर्ण रुपमा लाग्नेछु।

### ३.२) साहसिक पर्यटन (Adventure Tourism): विश्वस्तरको हब

- **एड्भेन्चर क्यापिटल:** विश्वकै अग्ला पुल, बन्जी जम्प, स्वीङ, जिपलाइन र क्यानोनिङ जस्ता साहसिक पूर्वाधारलाई अझ सुदृढ गर्दै पर्वतलाई विश्वका साहसिक पर्यटकहरूको पहिलो रोजाइ (Adventure Hub) बनाउन कोशिस गर्नेछु ।

- **क्षेत्रीय विस्तार:** कुश्मा क्षेत्रमा मात्र सीमित नभई, पर्वतका अन्य पालिकाहरूमा पनि साहसिक पर्यटन (जस्तै: प्याराग्लाइडिङ, रक क्लाइम्बिङ र र्याफ्टिङ) को सम्भाव्यता अध्ययन गरी निजी क्षेत्रको लगानी आकर्षित गर्ने कार्यक्रम ल्याउन भूमिका खेल्नेछु।

**३.३) पर्या-पर्यटन** (Eco-Tourism)**: प्रकृति र विकासको सन्तुलन**

- **दिगो पर्यटन मोडल:** 'प्रकृति जोगाऔं, आय बढाऔं' भन्ने नाराका साथ पर्या-पर्यटनको माध्यमबाट स्थानीय समुदायले प्रत्यक्ष लाभ पाउने व्यवस्था गरिनेछ। जलाधार संरक्षण, जैविक विविधताको जगेर्ना र ग्रामीण 'होमस्टे' (Homestay) लाई गुणस्तरीय बनाइनेछ।

- **विशिष्ट गुरुयोजना:** वन र वातावरणलाई क्षति नपुर्याई पदमार्ग, भ्यु-टावर र जैविक पार्कहरू निर्माण गर्न प्रत्येक पर्यटकीय क्षेत्रको फरक-फरक वैज्ञानिक गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ।

**३.४) पोखरा–पर्वत पर्यटन सेतु: पर्यटकको विस्तार**

- **पर्यटन विस्तार अभियान:** पोखरा आउने वार्षिक लाखौं पर्यटकहरूमध्ये कम्तीमा ६० देखि ७० प्रतिशत पर्यटकलाई पर्वतसम्म ल्याउने ठोस कार्ययोजना लागू गरिनेछ। पोखराको निकटतालाई अवसरका रूपमा लिँदै पर्वतलाई पोखराको 'ब्याकअप डेस्टिनेशन' (Backup Destination) होइन, अनिवार्य गन्तव्यका रूपमा विकासकालागि पहल गर्नेछु ।

- **कनेक्टिभिटी र प्याकेज:** पोखराका पर्यटन व्यवसायीहरूसँग सहकार्य गरी 'पोखरा–पर्वत' एकीकृत पर्यटन प्याकेज बनाइनेछ, जसले गर्दा पोखरा आउने विदेशी तथा आन्तरिक पर्यटकहरू साहसिक खेल र धार्मिक दर्शनका लागि स्वतः पर्वत आउने वातावरण निर्माण हुनेछ।

## ४) विकास र सुशासनमा मेरो प्रतिबद्धता:

**४.१) विकासको पूर्णता:** विगतमा सुरु गरिएका बिजुली, खानेपानी र ग्रामीण सडकका अधुरा योजनाहरूलाई छिटो सम्पन्न गरी आधुनिक स्तरमा स्तरोन्नति (Upgrade) गर्नेछु।

**४.२) आधुनिक शिक्षा:** हरेक स्थानीय तहमा कम्तिमा एउटा **प्रविधिमैत्री प्राविधिक विद्यालय** स्थापनाकालागि पहल गर्नेछु ।

- शिक्षाको जग बलियो बनाउन पूर्व-प्राथमिक तहबाटै सुधारको सुरुवात गरिनेछ। यसका लागि शिक्षकहरूलाई विशेष तालिम र क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्न म ठोस पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

- शिक्षक आन्दोलनका क्रममा सरकारसँग भएका सहमतिलाई कानुन बनाएर लागू गर्न नेतृत्वदायी भूमिका खेल्नेछु।

- **'डिजिटल लर्निङ' र प्राविधिक शिक्षा**लाई गाउँ-गाउँ र घर-घरसम्म पुर्याउन भूमिका खेल्नेछु ।

**४.३) भरपर्दो स्वास्थ्य सेवा:** गाउँका स्वास्थ्य चौकीहरूमा प्रयोगशाला (Lab) र विशेषज्ञ सेवा थप गरी सुविधा सम्पन्न बनाउन मेरो सम्पूर्ण कोशिस रहनेछ ।

- नगरपालिकामा ५० शैया र प्रत्येक गाउँपालिकामा कम्तिमा २५ शैयाको अस्पताल निर्माण र आवश्यक डाक्टरहरूको व्यवस्थाको लागि पहल गर्नेछु ।

- स्वास्थ्य बीमालाई सहज बनाउँदै सबै नागरिकको पहुँचमा पुर्याउन संसद्मा आवाज उठाउनेछु।

**४.४) सडक सञ्जालको स्तरोन्नति:** गाउँका कच्ची सडकहरूलाई बाह्रै महिना गाडी चल्ने गरी पक्की (कालोपत्रे) र सुरक्षित बनाउने कामलाई तीव्रता दिइनेछ।

## ५) राजनीतिक प्रतिबद्धता र परिवर्तन

**५.१) नयाँ पुस्ताको भावनालाई सम्मान:** अबको राजनीति पुरानो ढर्राले मात्र चल्दैन। नयाँ पुस्ताले चाहेजस्तो आधुनिक सोच र प्रविधिमैत्री नीति बनाउन म पार्टीभित्र र संसदमा मेरो विशेष भूमिका हुनेछ । युवाहरूको जोस र पाकाहरूको अनुभवलाई मिलाएर अघि बढने मेरो सम्पूर्ण प्रयत्न रहनेछ ।

**५.२) झन्झटरहित सरकारी सेवा (छिटो-छरितो प्रशासन):**

- सरकारी अफिसमा हुने ढिलासुस्ती र सास्ती हटाउन म सधैं संसदमा खवरदारी गर्नेछु ।

- जनताले साना कामका लागि पनि धाइरहनुपर्ने झन्झटिलो सरकारी नियमलाई सुधार्न नीति नियममा परिवर्तन तथा समयानुकूल परिमार्जनको लागि संसदमा आवाज उठाउने छु ।

- भ्रष्टाचार र अनियमिततालाई जरैदेखि उखेल्न **'शून्य सहनशीलता'** को नीति कडाइका साथ लागू गराउन भूमिका खेल्नेछु।

- सबै सरकारी सेवालाई मोबाइल र इन्टरनेट (प्रविधि) सँग जोडेर **'घरदैलोमै सेवा'** पुर्याउने व्यवस्था मिलाउन जोड दिनेछु।

**५.३) संविधान संशोधन:** वर्तमान संविधानमा रहेका जटिलताहरूलाई सम्बोधन गर्दै शासकीय सुधार, नागरिक–मैत्री र विकास–मैत्री बनाउने, अनावश्यक देखिएका संरचनाहरु हटाउने तथा आवश्यक सुधारका लागि संसदमा नेतृत्वदायी भूमिका खेल्नेछु।

**५.४) विकास योजनाहरुको काममा निगरानी:** योजनाहरुमा बजेट आउने तर काम नहुने वा असारमा मात्र हतार-हतार खर्च गर्ने पुरानो चलन अब चल्दैन । विकासको लागि छुट्याइएको पैसा (पुँजीगत खर्च) समयमै र सही ठाउँमा खर्च हुने प्रणाली बनाउन म पहल गर्नेछु।

**५.५) नीतिगत पैरवी:** संसदमा जनताका आवाज मुखरित गर्दै राष्ट्रिय नीति निर्माणमा स्थानीय आवश्यकतालाई प्राथमिकता दिन आवाज उठाउने छु ।

**५.६) स्थानीय प्रेस र मिडिया विकास:** म मेरो राजनीतिक जीवनमा प्रेस स्वतन्त्रताको पक्षमा सधैं दृढतापूर्वक उभिँदै आएको छु। लोकतन्त्रको प्राण प्रेसलाई अझ प्रभावकारी र जनतासँग जोड्न आवश्यक कानुन निर्माणमा म संसद्मा सक्रिय भूमिका खेल्नेछु। सञ्चारकर्मीहरूको व्यावसायिक विकास, उचित पारिश्रमिक र सञ्चारमाध्यमको सबलीकरणका लागि प्रतिबद्ध छु। साथै, स्थानीय पत्रकारिता प्रवर्द्धन र गुणस्तरीय रिपोर्टिङका लागि मिडिया तालिम कार्यक्रम सञ्चालनमा मेरो पूर्ण सहयोग रहनेछ।

**५.७) ग्रामीण विकास र कृषि आधुनिकीकरण:** युवा पलायन रोक्न **'गाउँमै सहरको सुविधा'** र **'आम्दानीको ग्यारेन्टी'** कार्यक्रम अघि बढाइनेछ। बाँझो जमिनलाई 'भूमि बैंक'मार्फत एकीकृत गरी व्यावसायिक र सामूहिक खेती प्रोत्साहन गरिनेछ। खेतीपाती र पशुपालनको जोखिम न्यूनीकरणका लागि सरल कृषि बीमा लागू गरिनेछ र आधुनिक मेसिन, प्रविधि तथा उन्नत बीउबिजनको प्रयोगमार्फत कृषि उत्पादन बढाइनेछ।

## ६) योजनाबद्ध विकास

**६.१) जिल्ला योजना कार्यालय:** जिल्लाको विकासलाई व्यवस्थित गर्न विशेषज्ञहरू सम्मिलित **'जिल्ला योजना कार्यालय'** स्थापना गर्न भूमिका खेल्नेछु । यसले कुन योजना कहाँ र कहिले आवश्यक छ भन्ने कुराको वैज्ञानिक छनोट गरी प्रदेश र संघबाट बजेट सुनिश्चित गर्न मद्दत गर्नेछ।

**६.२) गाउँ फर्काउ अभियान:** शहरको सेवा गाउँमै पुर्याएर 'गाउँ पुनस्थापना' कार्यक्रम लागू गरिनेछ। विदेशमा रहेका युवाहरूको सीप र पुँजीलाई सम्मान गर्दै उनीहरूलाई स्वदेशमै काम गर्ने वातावरण मिलाउन मेरो पहल रहनेछ ।

**६.३) किसान र मजदुरको सम्मान:** सबै किसान र मजदुरको राज्यस्तरमा अभिलेख राखी उनीहरूको भविष्य सुरक्षित गर्न 'योगदानमा आधारित पेन्सन' को व्यवस्था गर्ने कानुन बनाउन म विशेष पहल गर्नेछु।

**६.४) बाँदर समस्याको स्थायी समाधान:** पछिल्लो समयमा पर्वतलगायत देशभरका किसानको लागि टाउको दुखाइ बनेको बाँदर समस्याका छ र येही कारण कतिपय गाउँ नै विस्थापित हुनुपर्ने अवस्था सिर्जना भएको छ। उक्त समस्या समाधानका लागि प्रविधिको प्रयोग र विशेष योजनामार्फत बाँदर नियन्त्रण गरी खेतीयोग्य जमिनको संरक्षण गर्न म सधैं प्रतिबद्ध रहनेछु र संसदमा नयाँ कानुन निर्माणका लागि संकल्प प्रस्ताव दर्ता गरी प्रभावकारी पहल गर्नेछु।

**६.५) चिस्यान केन्द्र (Cold Storage) र बजार:** किसानले उत्पादन गरेका फलफूल र तरकारीको व्यवस्थित बजारीकरणका लागि पर्वतका सातै पालिकामा शीतभण्डार (Cold Storage) र संकलन केन्द्रहरूको नेटवर्क बनाउन भूमिका खेल्नेछु । यसबाट किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउने र बजारको सुनिश्चितता गर्न सहयोग पुग्नेछ ।

**६.६) कृषि पकेट क्षेत्र र अनुदान:** कृषिबाट वास्तविक लाभ लिन जिल्लाका विभिन्न ठाउँलाई उत्पादनका आधारमा 'पकेट क्षेत्र' घोषणा गरिनेछ(जस्तै :**दुध पकेट क्षेत्र , सुन्तला तथा फलफूल पकेट क्षेत्र, तरकारी पकेट क्षेत्र, विउ पकेट क्षेत्र, मासु पकेट क्षेत्र आदि ।**)। ती क्षेत्रमा विशेष अनुदान, प्रविधि र बजारको ग्यारेन्टी गर्न भूमिका खेल्नेछु।

**६.७) 'युवा देश फर्क' अभियान: रोजगारी र उद्यमशीलता**

**विगत र वर्तमानको समीक्षा:** हिजो गाउँमा विकास थिएन, तर मानिसहरू भरिभराउ थिए। आज गाउँमा बिजुली, सडक र पानी पुगेको छ, तर विडम्बना—गाउँका गोठ र घरहरू खाली हुँदैछन्। मान्छेहरू सहर र सहरबाट विदेश पलायन हुने क्रम बढ्दो छ। अब यो शृङ्खलालाई रोक्नै पर्छ। यसका लागि हामीले विभिन्न प्रभावकारी कार्यक्रमहरू ल्याउनेछौं, जस्तै:

- **स्वदेशमै पसिना, स्वदेशमै समृद्धि:** 'स्वदेशमै पसिना, स्वदेशमै समृद्धि' अभियानलाई केवल नारामा मात्र सीमित राखिने छैन। नीति निर्माण तहबाटै विशेष योजना ल्याएर विदेशिएका युवाहरूलाई आफ्नै माटोमा उद्यमशील बनाउने मेरो मुख्य उद्देश्य रहनेछ। हाम्रा युवाहरूले खाडीको मरुभूमिमा होइन, पर्वतको आफ्नै उर्वर भूमिमा भविष्य देख्ने वातावरण निर्माण गरिनेछ।

- **नीतिगत सुधार र सहुलियत:** स्थानीय स्तरमै रोजगारी सिर्जना गर्न तीनै तहका सरकारबीच प्रभावकारी समन्वय र दबाब सिर्जना गरिनेछ। विशेषगरी: विदेशबाट फर्केका र गाउँमै बसेका युवाहरूलाई लक्षित गरी साना उद्योग सञ्चालन गर्न विना धितो ऋण र सरकारी अनुदानको व्यवस्था मिलाइनेछ। युवा उद्यमीहरूलाई प्रोत्साहन गर्न आवश्यक पर्ने विशेष कानुन र कार्यविधि निर्माणमा मेरो सक्रिय पहल रहनेछ।

- **कोदोमा आधारित घरेलु मदिरा सम्बन्धी कानुनी सुधार :** कोदोबाट उत्पादन हुने घरेलु मदिरामा रहेका अनावश्यक कानुनी प्रतिबन्ध र जटिलता हटाउन आवश्यक कानुनी संशोधनका लागि म सक्रिय भूमिका खेल्नेछु। यसले पर्वतमा उत्पादन हुने मुख्य कृषि अन्न कोदोलाई रक्सी तथा अन्य खाद्य परिकारका रूपमा प्रशोधन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा ब्रान्डिङ गर्न मार्ग खुल्नेछ। यसबाट गाउँमा रोजगारी सिर्जना, आम्दानी वृद्धि र स्थानीय अर्थतन्त्र सुदृढ हुनेछ।

**६.८) अल्पसंख्यकको सम्मान:** जिल्लाका अल्पसंख्यक र सीमान्तकृत समुदाय (बोटे, कुमाल, मुस्लिम आदि) को भाषा, संस्कृति जोगाउन र उनीहरूको जीवनस्तर उकास्न विशेष राहत र संरक्षणका कार्यक्रम ल्याउन भूमिका खेल्नेछु ।

**६.९) महिला आत्मनिर्भरता:** महिलाहरूलाई आर्थिक रूपमा बलियो बनाउन 'महिला उद्यमशीलता कोष' चलाइनेछ। सरकारी र निजी क्षेत्रका हरेक अवसरमा महिलाको अर्थपूर्ण पहुँच पुर्याउन म प्रतिबद्ध छु।

**६.१०) अपाङ्गता मैत्री पर्वत:** सार्वजनिक भवन र बाटाहरूलाई अपाङ्गता भएका व्यक्तिहरूले सजिलै प्रयोग गर्न सक्ने गरी निर्माण गर्न र उनीहरूको सामाजिक सुरक्षा भत्ता र जीविकोपार्जनका अवसरहरू बढाउन मैले भूमिका खेल्नेछु ।

**६.११) फोहोरबाट मोहर (आधुनिक सरसफाइ):** फोहोरलाई जथाभाबी फाल्ने होइन, आधुनिक मेसिन प्रयोग गरी यसबाट मल र ऊर्जा निकाल्ने प्रणाली बनाउन पहल गर्नेछु। पर्वतलाई नेपालकै 'सफा र हरित जिल्ला' घोषणा गर्न म लागि पर्नेछु।

**६.१२) खेलकुद र युवा सशक्तीकरण:** पर्वतका प्रत्येक स्थानीय तहमा सुविधासम्पन्न खेल मैदान निर्माण गर्ने र ग्रामीण क्षेत्रमा लुकेर रहेका प्रतिभाहरूलाई पहिचान गरी उनीहरूलाई राष्ट्रिय स्तरको खेलाडी बनाउन विशेष प्रशिक्षण र प्रोत्साहनको व्यवस्था मिलाउनेछु।

**६.१३) जनतासँग सांसद:** चुनाव जितेपछि हराउने होइन, म नियमित रूपमा तपाईंहरूको टोल-टोलमा आएर समस्या सुन्नेछु। जनता र सांसदबीच सिधा सम्पर्क हुने प्रणाली (जनतासँग सांसद) सुरु गर्नेछु।

**अन्त्यमा,**
**आदरणीय पर्वतवासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरू,**

२०५६ सालदेखि तीन पटक संघीय सांसदका रूपमा मैले आर्जन गरेको अनुभव र पछिल्ला दुई निर्वाचनको परिणामपछि पनि म निरन्तर तपाईंकै सुख-दुःख र घर-दैलोमा रहें। विगतका जितले मलाई काम गर्ने जिम्मेवारी दिए भने हारले तपाईंका वास्तविक समस्याहरूलाई अझ नजिकबाट बुझ्ने र आत्मसात् गर्ने मौका दियो। त्यही बुझाइ र अनुभवलाई अब म पर्वतको विकासमा पूर्ण रूपमा लगानी गर्न चाहन्छु। म आफ्नो सम्पूर्ण शक्ति र सामर्थ्यका साथ पर्वतको समृद्धिका लागि सधैं समर्पित रहनेछु।

म निर्वाचित भएपछि वर्तमान युगको आवश्यकता अनुरूप नीतिगत सुधार र कानुन निर्माणमा विशेष केन्द्रित हुनेछु; विशेष गरी विकासमा बाधक बनेका झन्झटिला र पुराना कानुनहरूलाई परिमार्जन गरी समृद्धिलाई छिटो, दिगो र परिणाममुखी बनाउन मेरो मुख्य सक्रियता रहनेछ। यसका साथै, पर्वतको समग्र विकासका लागि आवश्यक बजेट विनियोजन गर्न र पर्वतवासीको हितको लागि संसदमा सशक्त भूमिका निर्वाह गर्न प्रतिबद्धता व्यक्त गर्दछु।

**म निर्वाचित भएको पहिलो दिनबाटै यस प्रतिज्ञापत्रमा समेटिएका र जनसरोकारका अन्य महत्वपूर्ण विषयहरूलाई कार्यान्वयन गर्न विशेषज्ञहरूको एक उच्चस्तरीय टोली गठन गर्नेछु। मेरा यी संकल्पहरू केवल कागजमा सीमित रहने छैनन्; पदभार ग्रहण गरेकै क्षणदेखि तिनलाई व्यवहारमा उतार्न म पूर्ण रूपमा समर्पित हुने वाचा गर्दछु।**

यो निर्वाचन केवल प्रतिनिधि छान्ने प्रक्रिया मात्र होइन, यो लोकतन्त्रलाई मजबुत बनाउँदै पर्वतलाई आर्थिक समुन्नतिको नयाँ चरणमा लैजाने ऐतिहासिक अवसर हो। तसैले **'समुन्नत पर्वत र समृद्ध नेपाल'** निर्माणका लागि तपाईंको एक मत महत्वपूर्ण छ। पर्वतको विकास र देशको लोकतन्त्र सुदृढ बनाउन **फागुन २१, २०८२** मा हुने प्रतिनिधि सभा निर्वाचनमा रुख चिन्हमा मतदान गरी प्रत्यक्षतर्फ **अर्जुनप्रसाद जोशी** र समानुपातिकतर्फ **जीतबहादुर नेपाली**लाई विजयी गराइदिनुहुन हार्दिक आग्रह गर्दछु।

**जय नेपाल !**

**अर्जुनप्रसाद जोशी**
प्रतिनिधिसभा सदस्य उम्मेदवार–२०८२, पर्वत

**फाल्गुण २१**

**रुख चिन्हमा मतदान गरौ !**